# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालद्वारा एकीकृत कारोबारको शुभारम्भ तथा फिनलिको पुस्तक लोकार्पण

गभर्नर डा. चिरंजीबि नेपालले भदौ १७ गते काठमाडौंमा साविक भिबोर विकास बैंक लिमिटेड र सोसाइटी डेभलपमेण्ट बैंक लिमिटेड एक आपसमा मिलेर बनेको भिबोर सोसाइटी डेभलपमेण्ट बैंक लिमिटेडको एकीकृत कारोबारको शुभारम्भ गर्नुभयो ।




उक्त कार्यक्रममा प्रमुख अतिथिका रुपमा मन्तव्य राख्नु हुँदै गभर्नर डा. नेपालले बैंक तथा वित्तीय संस्थाहरुले सर्वसाधारण जनताबाट संकलन गरेको निक्षेपको होसियारीपूर्वक सही र समुचित प्रयोग गर्नुपर्ने बताउनु भयो । निक्षेपको गलत प्रयोग गर्ने संस्था समस्याग्रस्त हुने, सजायको भागीदार हुने र त्यसले जनताको विश्वास पनि गुमाउने उहाँले उल्लेख गर्नुभयो ।

नेपालका बैंक तथा वित्तीय संस्थाहरु अन्तर्राष्ट्रिय स्तरको हुनु पर्नेमा जोड दिँदै गभर्नर डा. नेपालले विकास बैंकहरुमा पनि बासेल ३ लागु गरिने जानकारी सो कार्यक्रममा दिनुभयो । उहाँले तरकारी, चामल आदिको आयातको आंकडा प्रस्तुत गर्दै कृषि क्षेत्रमा लगानीको लागि प्रशस्त अवसरहरु रहेको तथ्य उजागर गर्नुभयो र बैंकहरुलाई जनताको घरदैलोमा पुग्न आग्रह गर्नुभयो ।

गभर्नर डा. नेपालले प्रविधिको दुरुपयोग गरी विभिन्न देशका बैंकहरुमा भएका ठगीका घटनाहरुको उदाहरण दिनु हुँदै नवीनतम् र सुरक्षित सूचना प्रविधिको प्रयोग गरी जोखिम कम गर्न बैंक तथा वित्तीय संस्थाहरुलाई सुझाव दिनुभयो । सो कार्यक्रममा बैंकिङ व्यवसायमा अनुशासन, पारदर्शिता र इमान्दारिता जरुरी रहेको धारणा पनि उहाँले राख्नुभयो ।

### फिनलिको लोकार्पण

गभर्नर डा. चिरंजीबि नेपालले भदौ १७ गते प्रकाश कोइरालाद्वारा लिखित वित्तीय साक्षरता सम्बन्धी चित्र किताब **फिनलिको** (Financial Literacy Comics-Finlico) को चापागाउँस्थित बज्रवाराही उच्च माध्यमिक विद्यालयमा विमोचन गर्नुभयो ।




सो पुस्तकको विमोचन पश्चात् मन्तव्य दिनु हुँदै गभर्नर डा. नेपालले हरेक व्यक्तिलाई वित्तीय साक्षर बनाउनका लागि **फिनलिको** निकै उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो । सजिलो तरिकाले वित्तीय ज्ञान अभिवृद्धि गर्दै पैसाको सदुपयोग गर्न तथा उद्यमी बनी आफ्नै खुट्टामा उभिन सिकाउने भएकोले **फिनलिको**को विशेष महत्व रहेको विचार पनि उहाँले व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका पदाधिकारीहरुको उल्लेख्य उपस्थिति रहेको थियो । विमोचित उक्त **फिनलिको** पुस्तक ३०० प्रति वितरणका लागि नेपाल राष्ट्र बैंकलाई हस्तान्तरण गरिएको थियो ।

२०७३ भदौ १७, शुक्रबार

गभर्नरको कार्यालय